# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| आयोगको बैठक संख्याः ७७ | निर्णय मितिः २०८०/१२/२५ |
|---|---|

## निर्णय नं.: ७६

## आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारमा प्रदान गरिने सवारी साधन करको बाँडफाँटको हिस्सा (अनुपात) सिफारिस सम्बन्धमा

(क) आर्थिक वर्ष २०८१/८२ का लागि संविधान र कानुन बमोजिम सातवटै प्रदेश सरकारबाट सम्बन्धित स्थानीय सरकारलाई उपलब्ध गराउने सवारी साधन करको बाँडफाँटको हिस्सा यसैसाथ संलग्न विवरण बमोजिमको सिफारिस गर्ने।

(ख) बुँदा नं. (क) मा स्वीकृत गरिएको सिफारिस आवश्यक कारवाहीका लागि सम्बन्धित प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउने।

## निर्णय नं.: ७७

## आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानको आधार र सुझावसम्बन्धी सिफारिस

(१) नेपालको संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश सरकार तथा स्थानीय सरकारहरुलाई प्रदान गर्ने सशर्त अनुदानका सम्बन्धमा देहायका आधारहरू तोक्ने र सो बमोजिमको संलग्न सिफारिस स्वीकृत गर्ने।

क. नेपाल सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था,

ख. राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्था,

ग. प्रदेश तथा स्थानीय सरकारमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्था,

घ. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था,

ङ. सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरू प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था,

च. संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक क्षेत्र तोकी एकमुष्ट बजेट विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित प्रदेश र स्थानीय सरकारले नै गर्ने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने,

छ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम लिनुपर्ने सोही दफाको उपदफा(१) मा उल्लिखित आधारहरू,

ज. प्रदेश र स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकनको आधार, र

झ. विशेष अवस्थाको आधार।

(२) बुँदा नं. (१) मा स्वीकृत गरिएको आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरुलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस अर्थ मन्त्रालय मार्फत नेपाल सरकारमा लेखि पठाउने।

(३) आगामी वर्षमा सशर्त अनुदानको आधार सिफारिस गर्नको लागि आधिकारिक निकायबाट अद्यावधिक तथ्यांक प्राप्त र विश्लेषण गरी क्षेत्रगतरुपमा आधार तयार गर्ने। साथै, कार्यसम्पादन मूल्यांकनमा आधारित सशर्त अनुदान हस्तान्तरणको लागि सूचकहरु विकास गर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग